"कृषि, पर्यटन, पूर्वाधार र रोजगारी : समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"

# चिङ्गाड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अवलचिङ्ग, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

www.chingadmun.gov.np
chingadgaunpalika@gmail.com

प.सं. २०८२/०८३
च.नं.

मितिः २०८३।०२।२९

विषयः असुल गर्नुपर्ने बेरुजु दाखिला गर्ने सम्बन्धमा।

श्री सरोकारवालाहरू सबै,

प्रस्तुत विषय सम्बन्धमा यस चिङ्गाड गाउँ कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०७४/७५ देखि हालसम्मको पूर्व जनप्रतिनिधि, कर्मचारी, पूर्वकर्मचारी, स्वास्थ्यकर्मी, विद्यालय, उपभोक्ता समिति तथा संघ संस्थाहरूलाई असुल गर्नुपर्ने बेरुजु सञ्चित कोषमा दाखिलाको लागि पटक पटक मौखिक आदेश तथा पत्राचार भइसकेको छ। हालसम्म पनि कतिपय पूर्व जनप्रतिनिधि, कर्मचारी, पूर्व कर्मचारी, स्वास्थ्यकर्मी, विद्यालय, उपभोक्ता समिति तथा संघ संस्थाबाट बेरुजु दाखिला कार्य भएको देखिदैन। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं. ४२२ मिति २०८३।०२।१८ गतेको पत्रबाट असुल उपर गर्नुपर्ने बेरुजु तत्काल दाखिला गर्न परिपत्र भएको हुदाँ आफ्नो नाममा रहेको बेरुजु तत्काल गाउँ कार्यपालिकाको आर्थिक प्रशासन शाखासँग समन्वय तथा सम्पर्क गरी मिति २०८३ असार मसान्तसम्म दाखिला गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यसरी असुल उपर गर्नुपर्ने बेरुजु दाखिला नगरेमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ बमोजिम सरकारी बाँकी सरह असुल उपरका लागि कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाइने बेहोरा समेत जानकारी गराइन्छ।

..................
खेमराज शर्मा
वरिष्ठ लेखा अधिकृत

..................
सुरेन्द्र सिंह
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र सिंह
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ

श्रीमान् अध्यक्षज्यू, चिङ्गाड गाउँ कार्यपालिका, अवलचिङ्ग सुर्खेत।

श्रीमान् उपाध्यक्षज्यू, चिङ्गाड गाउँ कार्यपालिका, अवलचिङ्ग सुर्खेत।

श्री सम्पूर्ण वडा अध्यक्षज्यू सबैः तहा वडा अन्तर्गतका उपभोक्ता समिति तथा कर्मचारीलाई जानकारी गराउनु हुन।

श्री शाखा तथा विषयगत शाखा प्रमुखज्यू सबैः आफ्नो शाखासँग सम्बन्धित बेरुजु असुलको लागि आवश्यक समन्वय तथा कारवाही गर्नुहुन।